नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्यालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-३०३ दायर मितिः-२०८१/१२/११**

**वादी** | **फैसला मितिः-२०८१/१२/२९** | **प्रतिवादी**

**ओम प्रकाश लाठको जाहेरीले**
**नेपाल सरकार..........................१**

**जिल्ला बारा प्रसौनी गाउँपालिका वडा नं.४ खुटुवाजब्दी टोल बस्ने गजाधर महतो कहारको छोरा वर्ष ३० को अबधेश महतो कहार..........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालाको पसलको काउण्टरमा रहेको सामानहरु यत्रतत्र फाली गली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवलालाई गाली गलौज गर्दै हातपात समेत गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालाको पसलको काउण्टरमा रहेको सामानहरु यत्रतत्र फाली गली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवलालाई गाली गलौज गर्दै हातपात समेतले गरेको हुँदा प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका संदिप साह समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।१२।०६ गते अं.१८ः०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.०६ महावीरस्थान चोक स्थित म जाहेरवालाले संचालन गरेको मोबाईल पसलमा प्रतिवादी अबधेश महतो कहार आई विभिन्न मोबाईलको मूल्य सोधेकोमा मैले आफ्नो बिक्री दर निज प्रतिवादीलाई भन्दा एक्कासी उत्तेजित भई तपाई मलाई महङ्गगो मोबाईल बेच्ने भन्दै पसलको काउण्टमा रहेको सामानहरु यत्रतत्र फाली गाली गलौज गर्दै हातपात गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने समेत व्यहोराको ओम प्रकाश लाठको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी मोबाईलको मूल्य विषलाई लिई प्रतिवादी काउण्टमा रहेको सामानहरु यत्रतत्र फाली गाली गलौज गर्दै हातपात गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी अबधेश महतो कहारलाई कैद दिन ५, जरिवाना रु.५००/- अक्षेरेपी पाँच सय र क्षतिपूर्ती शुल्क रु.२००/- अक्षेरेपी दुई सय मात्र हुने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी अबधेश महतो कहारलाई ठहरेको कैद दिन ५ को हकमा निज मिति २०८१/१२/०६ देखि २०८१/१२/१० सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना र क्षतिपूर्ती शुल्कको हकमा निजले र.नं.२७३/२०८१/१२/१२ बाट दाखिला गरेको धरौटी रकम रु.७००/- बाट जरिवाना रकम रु.५००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गरी मनाह गर्नु ------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ चैत्र महिना २९ गते शुक्रवार रोज ६/ ने.सं. ११४५ चौलाथ्व चतुर्दशी, शुभम् ........